नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## बोलपत्र सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७१।०४।०९)**

प्रमुख मेडिकल सुपरिटेन्डेण्ट

यस अस्पतालको आ.व.०७१/०७२ को लागि आवश्यक तपसिल वमोजिमका सामानहरु बोलपत्र को माध्यमबाट खरिद गर्नु परेकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना यस अस्पतालको Web site http//www.**bharatpurhospital.gov.np** मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु:**

१) बोलपत्र फाराम यो सूचना प्रकासित भएको मितिले सि.नं. १ र २ को लागि बोलपत्र दस्तुर रु.३०१०। (फिर्ता नहुने) र सि.नं.३ र ४ को लागि वोलपत्र दस्तुर रु.१५१०।- (फिर्ता नहुने) यस अस्पतालको राष्ट्रिय वाणिज्य वैंक भरतपुरमा रहेको चल्ती खाता नं. ९६७ मा जम्मा गरी ३०औं दिन भित्र आ.व. २०६९/०७० को कर चुक्ता प्रमाण-पत्र सहित नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ ।

२) खरीद भएको बोलपत्र सूचना प्रथम पटक प्रकासित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR Upload गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रको हकमा ३१ औं दिनको २ बजे यस अस्पतालमा बोलपत्र दाताको रोहवरमा खोलिनेछ । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कायम हुनेछ ।

३) बोलपत्र दर्ता गर्दा जमानत वापतको बोलकवोल रकमको ३ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा बाणिज्य बैंकबाट जारी भएको विड वण्ड upload गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस अस्पतालको नाममा बाणिज्य बैंकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिको सिफारीसमा पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्न सकिने छ । साथै बोलपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्र दाताले कवोल गरेको दररेटमा मालसामान उपलब्ध गराउनुपर्नेछ ।

६) Expiry Date उल्लेख हुने मालसामानहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको औषधी, केमिकल तथा अन्य सामानहरु स्वीकार्य हुनेछैन । साथै औषधीको हकमा WHO–GMP प्रमाणपत्र प्राप्त कम्पनीको हुनुपर्नेछ । साथै प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

७) बोलपत्र दाताले आफुले पेश गरेको बोलपत्रमा ठेक्का नं. र सप्लाई गर्न चाहेको समानको नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ । र आफूले खरिद गर्न चाहेको ठे.नं.मा नै Upload गर्नुपर्नेछ र आफूले जुन ठेक्कामा भागलिन चाहेको हो सो सम्बन्धी कामका इजाजत पत्र पेश गर्नुपर्नेछ ।

सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । औषधी तथा केमिकलको हकमा स्वीकृत प्राप्त औषधी तथा केमिकल मात्र सप्लाइ गर्नुपर्नेछ । गुणस्तरहिन औषधी तथा केमिकल स्वीकार्य हुने छैन । आवश्यक परेमा औषधी तथा ल्याव केमिकल्सहरुको परीक्षण गर्न लाग्ने खर्च सप्लाई गर्ने फर्मले व्यहोर्नुपर्नेछ ।

९) बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दररेटमा कुनै परिवर्तन गरिने छैन ।

१०) सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएपछि गरिनेछ सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टा गरी दिइनेछ ।

११) बोलपत्र दाताले कवोल गरेको दररेटमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ ।

१२) वोलपत्र दाताले यस अस्पतालको website मार्फत upload गरेको कागजातहरुको Hardcopy वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट ५ दिन भित्र अस्पतालमा पेस गर्नुपर्नेछ अन्यथा मुल्याङ्कनमा समावेस गर्न अस्पताल वाध्य हुने छैन ।

१३) बोलपत्र फाराम पेश गर्दा अस्पतालको स्वीकृत कुल लागत अनुमान भन्दा बोलपत्र दाताले पेश गरेको जम्मा बोलकबोल अंक घटी भएतापनि कुनै आइटमहरुको हकमा अस्वभावीक दररेट पेश गरेको देखिएमा उक्त बोलपत्रदाताको एकमुष्ट टेण्डर स्वीकृत नगरी आंशिक रुपमा मात्र स्वीकृत गर्न सकिने छ । साथै त्यस्ता आइटमहरु सबैभन्दा घटी दररेट पेश गर्ने अन्य प्रतिस्प्रर्धी ठेकेदारहरुले पेश गरेको बोलपत्र मध्येबाट स्वीकृत गर्न सकिनेछ ।

१४) संझौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१५) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१६) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

***तपशिल***

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/०७१/७२ | ल्याब तथा केमिकल जन्य सामान | कबोल अंकको ३% | ३०१०। |
| २ | २/०७१/७२ | आमा सूरक्षा कार्यक्रमको लागी आवश्यक औषधी तथा सर्जिकलजन्य सामान | कबोल अंकको ३% | ३०१०। |
| ३ | ३/०७१/७२ | गरीव विरामीहरुको लागि निशूल्क औषधी खरीद | कबोल अंकको ३% | १५१०। |
| ४ | ४/०७१/७२ | गरीव विरामीहरुको लागि निशूल्क सर्जिकलजन्य सामान | कबोल अंकको ३% | १५१०। |